# कनकाई नगरपालिका
# KANAKAI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
जामुनबारी, झापा
Jamunbari, Jhapa
१ नं. प्रदेश, नेपाल
1 No. Province , Nepal


प.सं. (F/Y) :
च.नं. (Ref. No.) :

(दोस्रो पटक प्रकाशित मितिः २०७८ /०६/२५)

**विषयः सटर भाडा लगाउने सम्बन्धी सूचना ।**

यस कनकाई नगरपालिका वडा नं ७ दुर्गापूर बजारमा रहेको ६ वटा व्यापारिक सटरहरु भाडामा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति/फर्म/संघ संस्थाले तपशिलको शर्तको अधिनमा रहि मिति २०७८/०५/२५ देखि मिति २०७८/०७/०९ गते सम्म कार्यालय समय भित्र रु.१००० अक्षेरेपि एक हजार (फिर्ता नहुने) तिरि फारम खरिद गर्न सकिनेछ। खरिद गरीएको फारम तोकीएको ढाँचामा भरि १६ औं दिनको १२ बजे भित्र शिलबन्दि गरि यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ। सो दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै कार्यालय खुलेको दिनको २ बजे रित पुर्वक खोलिनेछ।

शर्तहरूः-

१. कोठा भाडा लिन चाहने व्यक्ति फर्म वा संघ संस्थाले प्रति महिना पछाडी तर्फको सटरको मासिक भाडा न्यूनतम रु.२००० अक्षेरेपि दुई हजार र प्रति सटरको न्यूनतम धरौटी रु.१,५०,०००/-अक्षेरेपी रुपैया एक लाख पचास हजार हुनेछ । व्यापारिक सटरहरु पूर्ण रुपमा निर्माण भई संचालनको लागि तयार भए पश्चात मात्र संझौता गरि उल्लेखित दरको मासिक भाडा रकम लिईनेछ । कबोल गर्ने व्यवसायीले धरौटी वापतको रकम प्रस्ताव स्वीकृत भएको ७ दिन भित्रमा जम्मा गर्नुपर्नेछ । निर्धारण गरिएको मासिक भाडा र धरौटी रकम भन्दा बढी कबोल गर्ने व्यक्ति फर्म वा संघ संस्थाले शिलबन्दी गरेको फारमलाई प्राथमिकता दिईनेछ । बढी भाडा कबोल भई आएको आधारमा कोठाको संख्या ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराईनेछ ।

<u>कोठाका विवरणहरु</u>

| सि. नं. | कोठाको विवरण | संख्या | कोठाको लम्बाई/चौडाई | मासिक न्युनतम भाडा दर | प्रति सटर धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सटर पछाडीको | ६ | ११ *१२ | २००० | १,५०,०००/- | पश्चिम तर्फको सटर |

२. तपशिल बमोजिमको व्यावसायलाई मात्र सटर भाडामा उपलब्ध गराईनेछ ।

क) कस्मेटिक, कपडा, औषधी, ईलेक्ट्रोनिक्स, भाँडाकुडा, कार्यालय प्रयोजन, भेटेरीनरी, ब्यूटीपार्लर, किराना पसल, (होटल व्यावसाय बाहेक) अन्यलाई सटर उपलब्ध गराईनेछ ।

ख) वडा भित्र रहेका आफ्नै घरबाट व्यावसाय संचालन गरि रहेका व्यावसायीलाई सटर उपलब्ध गराईने छैन ।

ग) वडा तथा नगरबासी पुराना व्यावसायीलाई पहिलो प्राथमिकता दिई सटर उपलब्ध गराईनेछ ।

घ) १ व्यावसायी १ सटरको रुपमा उपलब्ध गराईनेछ ।

ङ) अघिल्लो सूचनामा स्वीकृत भई सटर प्राप्त गर्ने र अयोग्य भएका फर्महरुले यस सूचनामा आवेदन पेश गर्न पउने छैनन् ।

विवेक भण्डारी
प्रशासकीय अधिकृत

३. सटर भाडामा लिन छनौट भएका व्यक्ति/ फर्म/संघसंस्थाले धरौटी बापतको रकम यस कनकाई नगरपालिकाको नेपाल बैंक सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३००००३००००००१ मा छनौट भएको ७ दिन भित्रमा नगदै जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. फारमका साथमा निवेदकले व्यवसाय प्रमाण पत्रको छाँया कपि, नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाकपी र फर्म/संघसंस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणको छाँया कपि, करचुक्ता प्रमाणपत्रको छाँया कपि पेश गर्नु पर्नेछ ।

५. नेपाल सरकार नगरपालिका वा अन्य संघ संस्थालाई बहालकर लगायत दस्तुर बुझाउनु परेमा भाडावालाले बुझाउनु पर्नेछ ।

६. सटर भाडा उपभोग गर्दाको अवस्थामा जडान गरिएका बिजुली, धारा, टेलिफोन, सरसफाई लगायतका सम्पूर्ण दस्तुरहरु भाडावाल स्वयम्ले उपलब्ध गराउनु पर्नेछ ।

७. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

विवेक भण्डारी
प्रशासकीय अधिकृत